**संवत् २०७८ साल वैशाख १७ गते शुक्रवार बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बिषयगत मन्त्रालयहरुबाट समर्पण भएको एवम् अन्य थप बजेटबाट ब्यवस्थापन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले कोभिड १९ महामारी नियन्त्रण/ब्यवस्थापन कार्यक्रमका लागि सामाजिक विकास मन्त्रालयलाई थप बजेट/रकम उपलब्ध गराउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश अन्तर्गत प्रत्येक जिल्ला अस्पतालहरुका लागि प्रति जिल्ला रु। १(एक) करोडका दरले स्वास्थ्य सेवा कार्यालय (दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिम, हुम्ला, मुगु, डोल्पा, कालिकोट) र प्रदेश अस्पताल सुर्खेतमा रु। १(एक) करोड, कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान जुम्लामा रु। १(एक) करोड, चौरजहारी अस्पताल रुकुममा रु. १(एक) करोड, मेहेलकुना अस्पताल सुर्खेतमा रु। ५०(पचास) लाख रकम कोभिड १९ संग सम्बन्धित समस्याहरु समाधान गर्न अति आवश्यक अक्सीजन सिलिन्डर, अक्सीजन आपूर्तिजस्ता बिषयहरु समाधान गर्न कोभिड १९ महामारी नियन्त्रण कार्यक्रमबाट उपलब्ध गराउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड १९ रोग रोकथाम, ब्यवस्थापन गर्न आपसी समन्वय, सहकार्यलाई प्रभावकारी बनाउने उद्देश्यले माननीय मुख्यमन्त्री संयोजक, माननीय मुख्यमन्त्रीबाट तोकिएका सर्वदलीय/सर्वपक्षीय प्रमुख/प्रतिनिधि पदाधिकारी सदस्य र सचिव (सामाजिक विकास मन्त्रालय) सदस्य सचिव रहने र सामाजिक विकास मन्त्रालयले संयोजन, ब्यवस्थापन गर्नेगरी सर्वदलीय/सर्वपक्षीय संयन्त्र बनाई संचालन गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सामाजिक विकास मन्त्रालयसमेत संग समन्वय गरी आवश्यक कार्यविधि, मापदण्ड, आधार बनाई कोभिड रोगका कारण मृत्यु भएका मानिसहरुको घर |

| | |
|---|---|
| | परिवारलाई प्रति मृतक रु. १(एक) लाखका दरले प्रदेश बिपद् ब्यवस्थापन कोषबाट राहत रकम बितरण गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सुशासन प्रवर्धन केन्द्र (स्थापना र संचालन) विधेयक २०७८ प्रदेश सभामा दर्ता गर्ने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | डोल्पा जिल्ला ठूलिभेरी नगरपालिकाको वडा संख्या र सिमाना हेरफेर । |
| सामाजिक विकास मन्त्रालय | सार्वजनिक विदा । |
| सामाजिक विकास मन्त्रालय | तत्काल सम्बन्धित कार्यालयहरूले बजेट खर्च गर्ने गरी स्वीकृति प्रदान गर्ने । |
| | उपेक्षित उत्पिडित अधिकार सम्बन्धी विधेयकको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने । |

## संवत् २०७८ साल वैशाख २२ गते बुधवार बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ रोग नियन्त्रण तथा व्यवस्थापनको कार्यालाई कर्णाली प्रदेशभर प्रभावकारी बनाउन निर्देशन, समन्वय तथा एकिकृत व्यवस्थापन निर्देशन गर्ने उदेश्यले देहायबमोजिमको कर्णाली प्रदेश कोभिड रोग नियन्त्रण/व्यवस्थापन निर्देशक समिति गठन तथा सञ्चालन गर्ने।<br>संयोजक मुख्यमन्त्री<br>सदस्य आन्तरिक मामिला तथा कानून मन्त्री<br>सदस्य सामाजिक विकास मन्त्री<br>सदस्य सदरमुकाम रहेका पालिका प्रमुख अध्यक्ष<br>सदस्य सदस्य-सचिव, PCCMC (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सचिव)<br>सदस्य प्रहरी नायब महानिरिक्षक, नेपाल प्रहरी<br>सदस्य १० वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु<br>सदस्य-सचिव सामाजिक विकास मन्त्रालय सचिव |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ रोग नियन्त्रण तथा व्यवस्थापनको कार्यलाई कर्णाली प्रदेश अस्पताल सुर्खेत स्तरमा प्रभावकारी बनाउन निर्देशन , समन्वय तथा एकिकृत व्यवस्थापन गर्ने उदेश्यले प्रदेश अस्पताल सुर्खेत कोभिड-१९ रोग नियन्त्रण/व्यवस्थापन निर्देशक समिति देहायअनुसार गठन तथा सञ्चालन परिचालन गर्ने।<br>संयोजs सचिव, सामाजिक विकास मन्त्रालय<br>सदस्य प्रमुख जिल्ला अधिकारी, सुर्खेत<br>सदस्य सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सदस्य सदस्य-सचिव, PCCMC (मुख्यमन्त्री तथा |

| | |
|---|---|
| | मन्त्रिपरिषद्को कार्यालय, सचिव)<br>सदस्य नगर प्रमुख, वीरेन्द्रनगर नगरपालिका सुर्खेत<br>सदस्य सचिव मेडिकल सुपरिडेन्ट, प्रदेश अस्पताल सुर्खेत |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३. सामाजिक विकास मन्त्रालयलाई कोभिड-१९ रोग नियन्त्रण/व्यवस्थापन कार्यक्रमका लागि थप बजेट उपलब्ध गराउदा १०(दश) करोडका दरले थप गर्दै आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउने। |
| सामाजिक विकास मन्त्रालय | पाचौ तहका स्वास्थ्य कर्मचारीहरुको छनौट सम्बन्धमा। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल बैशाख २९ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रदेशको सातौं अधिवेशन अन्त्य गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार कार्यसम्पादन दोस्रो संशोधन नियमावली २०७८ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ को अनुसूची १ र २ हेरफेर गरी सो को सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने । |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृत प्रदान गर्ने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल जेठ ०२ गते आईतबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशको लागि आवश्यक पर्ने अक्सिजन आपुर्ति क्षमता स्तरको अक्सिजन प्लान्ट सुर्खेत जिल्लामा स्थापना (निर्माण) तथा सञ्चालन गर्ने। यसका लागि सामाजिक विकास मन्त्रालयले तत्काल आवश्यक कार्य तथा व्यवस्थापन गर्ने । |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ संक्रामक रोगको महामारीको बिशेष परिस्थिति सृजना भएको बर्तमान अवस्थामा यस प्रदेश अन्तर्गतका सम्बन्धित निकायहरुले कोभिड-१९ प्रतिकार्य सम्बन्धी कार्य गर्न आवश्कता अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को प्रक्रिया अनुसार खरिद सम्बन्धी कार्य गर्ने । |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ संक्रामक रोगबाट महामारीको अवस्था सृजना भई मानव जीवन नै संकटमा परेकोले कोभिड-१९ रोग प्रतिकार्य व्यवस्थापनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले कर्णाली प्रदेश सरकार अन्तर्गत स्वीकृत बजेट शिर्षकहरुबाट समर्पण गराई वा अन्य जुनसुकै बजेट शिर्षकहरुबाट बजेट स्रोतको व्यवस्थापन गर्ने। |
| ४. | आन्तरिक मामिला, कानून, युवा तथा खेलकुद मन्त्रालय | प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभा सचिवालयमा दर्ता गर्ने सम्बन्धमा। |
| ५. | सामाजिक विकास मन्त्रालय | कोभिड-१९ महामारी, रोकथाम, नियन्त्रण र प्रतिकार्य व्यवस्थापनका लागि स्वास्थ्य सम्बन्धी सामग्री तथा सेवा खरिद गर्न सामाजिक विकास मन्त्रालयमार्फत् स्वास्थ्य सेवा निर्देशनालयलाई तपसिल बमोजिमको बजेट उपलब्ध गराउने ।<br>**तपसिलः**<br>१. अक्सिजन सिलिन्डर खरिद तथा व्यवस्थापन- रू. ६ करोड ३५ लाख,<br>२. अक्सिजन कन्सन्ट्रेटर- रू. ५ करोड ४५ लाख,<br>३. रेम्डिसिभिर लगायत औषधी खरिद- रू. १ करोड,<br>४. कोभिड बिरामी हवाई उद्दार- रू. १ करोड,<br>जम्माः- १३ करोड ८० लाख । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल जेठ १० गते सोमबार को बैठकबाट भएका निर्णयहरु**

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको प्रवक्तामा माननीय आन्तरिक मामिला, कानून, यूवा तथा खेलकुद मन्त्री श्री सीता कुमारी नेपालीलाई तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट गत आ.व. ०७६/०७७ को वार्षिक योजनामा समावेश भई कार्य भएका तर कोभिड-१९ महामारीका कारण भुक्तानी हुन नसकेका योजनाहरुको प्राविधिक मूल्याँकन गरी यस आ.व. को स्वीकृत बजेटबाट भुक्तानी दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ महामारी रोग प्रतिकार्य ब्यवस्थापनमा आईपर्ने तत्कालका शव ब्यवस्थापन, अक्सीजन ब्यवस्थापन तथा समुदाय परिचालन लगायतका सहयोगका कार्यहरु संचालनका लागि माननीय मुख्यमन्त्रीज्यूको संरक्षकत्वमा स्वयंसेवक परिचालन गर्ने सम्बन्धमा सामाजिक विकास मन्त्रालयले आवश्यक कार्य/प्रस्ताव गर्न स्वीकृति दिने। |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | खाद्य प्रविधि तथा व्यापार कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय सुर्खेतलाई कूल ८३०० क्वीन्टल खाद्यान्न ढुवानीका लागि रु. २४७९८८३३ (अक्षेरुपी दुई करोड सत्तचालिस लाख अन्ठानव्वे हजार आठ सय तेत्तीस) रकम अनुदान उपलब्ध गराउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने । |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | खाद्यान्न खरिदका लागि कालिकोट र डोल्पा जिल्लाका स्थानीय तहहरुलाई रकम हस्तान्तरण गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने र स्थानीय तहहरुले सम्वन्धित जिल्ला अदक्ष कामदारको जिल्ला दररेट अनुसार काम गरेको कार्यदिनको आधारमा उपलब्ध गराउने खाद्यान्न (चामल) को मापदण्ड बनाई खाद्यान्न वितरण गर्ने । |
| ६. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | कर्णाली प्रदेश जलस्रोतको एकीकृत उपयोग, व्यवस्थापन तथा संरक्षण नीति, २०७८ मा स्वीकृति प्रदान गर्ने । |
| ७. | सामाजिक विकास मन्त्रालय | हाल कर्णाली प्रदेश र स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा छात्रवृत्ति करारमा कार्यरत विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृतहरुको करार म्याद समाप्त भएको मिति देखि मिति २०७८ असार मसान्तसम्म थप गर्ने । |
| ८. | सामाजिक विकास मन्त्रालय | रिक्त दरबन्दीमा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने । |
| ९. | सामाजिक विकास मन्त्रालय | प्रदेश भित्रै अक्सिजनको दीगो र भरपर्दो आपूर्तिलाई सुनिश्चित गर्न स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत र स्वास्थ्य सेवा कार्यालय, कालिकोटमा पर्याप्त क्षमताको रिफिलिङ सिस्टम सहितको अक्सिजन प्लान्ट स्थापना गर्नको लागि कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतलाई रु.१ (एक) करोड २० (बीस) लाख र स्वास्थ्य सेवा कार्यालय, कालिकोटलाई रु.८० (असी) लाख थप रकम उपलब्ध गराउने । |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल जेठ २० गते बिहीबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार कार्य सम्पादन (तेस्रो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य बिभाजन) नियमावली, २०७४ को अनुसूची-१ र २ मा संशोधन गर्ने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशित गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सि.डि.ई. श्री धर्मेन्द्र कुमार झालाई जलस्रोत तथा उर्जा विकास मन्त्रालयको का.मु. प्रदेश सचिवको जिम्मेवारी तोक्ने । |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रदेशको आठौं अधिवेशन २०७८ साल जेठ २४ गते सोमबार दिउँसो २:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली २०७८ लाई स्वीकृति प्रदान गर्ने। |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारको कुनै मन्त्रालय वा निकायबाट कार्यान्वयन हुने अति आवश्यक कार्यक्रम संशोधनको लागि आएमा कर्णाली प्रदेश विनियोजन ऐनको दफा ८ को उपदफा (१०) मा रहेको प्रतिवन्धात्मक वाक्यांशमा प्रदेश सरकारलाई रहेको अधिकार आर्थिक ममिला तथा योजना मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने । |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक कार्यबिधि (दोस्रो संशोधन) अध्यादेश जारी गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ८. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेशमा अस्थायी शिक्षक पदमा कार्यरत बखत बहादुर शाहीको राजिनामा पश्चात प्राप्त हुने सेवा सुविधा वापतको रकम रु १४०३२९३।— (चौध लाख तिन हजार दुईसय त्रियानब्बे मात्र) उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाटै भुक्तानी हुने। |
| ९. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १. डिभिजन वन कार्यालय (भेरी) सुर्खेततर्फ राजीगाँउ होमस्टे सानोपुल निर्माण कार्यक्रम संशोधन भई राजीगाँउ होमस्टे सानोपुल/कजवे हुनुपर्ने<br>१. डिभिजन वन कार्यालय, डोल्पातर्फ शेफोक्सुण्डो तालदेखि कान्जिरोवा क्याम्पसाइड जाने पदमार्गमा विनियोजित बजेट रु ७५ लाख संशोधन गरी फोक्सुण्डो तालदेखि काङ्लापाससम्म पर्यटन पदमार्गमा रु. ४५ लाख र रिखे काङ्ला देखि वगालासम्म पर्यटन पदमार्गमा रु. ३० लाख गरी दुई खण्डमा विभाजन गर्नुपर्ने। |
| १०. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्राङ्गारिक कृषि सम्वन्धी लोगो स्वीकृत गर्ने । |
| ११. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्वन्धी विधेयकको मस्यौदा तयारी गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने। |
| १२. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेशको बीउ बिजन सम्वन्धी विधेयकको मस्यौदा तयारी गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने। |
| १३. | सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश अन्तर्गत कोभिड-१९ रोग रोकथाम तथा प्रतिकार्य |

| | | |
|---|---|---|
| | | ब्यवस्थापन कार्यका लागि थप बजेट ब्यवस्था हुन र चालु आ.व. २०७७।७८ मा यस मन्त्रालय वा अन्तर्गत विनियोजित बजेट तथा कार्यक्रमको संशोधन हुन स्वीकृति प्रदान गर्ने। |
| १४. | सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ मा स्वीकृत भएको सामाजिक विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु (प्रदेश आयुर्वेद औषधालय, सुर्खेत बाहेक) तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको संगठन संरचना तथा दरबन्दी तेरिजलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०९/०९ को निर्णयबाट स्वीकृत भई प्रदेश सरकारलाई हस्तान्तरण भएको साबिक बमोजिमको संगठन संरचना तथा दरबन्दी तेरिज कायम गर्ने। |
| १५. | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालयले समझदारी/सम्झौता गरी मन्त्रालयको कोभिड-१९ महामारी नियन्त्रण बजेट उपशिर्षकबाट रकमान्तर गरी वीरेन्द्रनगर नगरपालिका सुर्खेतलाई अक्सिजन प्लान्ट स्थापना गर्नको लागि रू. ६५ लाख बजेट सहयोग उपलब्ध गराउने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल जेठ २४ गते सोमबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल असार १ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक बिधेयक, २०७८ प्रदेश सभामा पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश बिनियोजन बिधेयक, २०७८ प्रदेश सभामा पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक बर्ष २०७८/७९ को आय ब्ययको अनुमानित बिवरण (बजेट) प्रदेश सभामा पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने। |